# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, वैशाख ४ गते २०४६ साल (अतिरिक्ताङ्क ३


## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको

### सूचना १

सम्माननीय निर्माण तथा यातायात मन्त्री श्री दीपक बोहरा गणतन्त्र कोरियाको राजधानी सोलमा हुने एघारौं इण्टरनेशनल रोड फेडरेशनको (आई.आर.एफ.) वोर्ल्ड मिटिङमा भाग लिन त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनुभएको निर्माण तथा यातायात मन्त्रालयको कार्यभार सम्माननीय कृषि मन्त्री श्री कृष्णचरण श्रेष्ठले सम्हाल्नु हुनेछ ।

### सूचना २

सम्माननीय पर्यटन मन्त्री डा. मोहमद मोहसिन सिंगापुरमा आयोजना हुने प्यासिफिक एशिया ट्राभल एशोसिएशन (पाटा) को ३८ सौं वार्षिक सम्मेलनमा भाग लिन त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनुभएको पर्यटन मन्त्रालयको कार्यभार सम्माननीय अर्थ मन्त्री श्री भरतबहादुर प्रधानले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,

रेवतीरमण खनाल

श्री ५ महाराजाधिराजका सचिव


मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

10